# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, असोज ३० गते २०४३ साल ( अतिरिक्ताङ्क २७ (ग)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट संघीय गणतन्त्र जर्मनीको राजकीय भ्रमणमा सवारी होइबक्सनु अघि वि. सं. २०४३ साल असोज ३० गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. आज हामी हाम्रा बडामहारानीका साथ महामहिम राष्ट्रपति श्री रिचार्ड फन् भ्वाइज च्येकरको निमन्त्रणमा संघीय गणतन्त्र जर्मनीको राजकीय भ्रमणका लागि बोनतर्फ प्रस्थान गर्दैछौं । साथै बाटोमा पर्ने केही मित्रराष्ट्रहरूको पनि हामीले अनौपचारिक भ्रमण गर्नेछौं ।

२. सयौं वर्षसम्म सम्पूर्ण विश्वकै सम्पर्कबाट अलगिएको एकाङ्गी जीवन बिताएपछि वि. सं. २००७ सालदेखि यता मात्र नेपालले मैत्री, ज्ञान तथा अनुभवका साथै फलदायी सहयोगका नयाँ क्षितिजहरूको खोजी गर्ने क्रममा धेरै प्रयासहरू गरेको छ । हालसम्ममा हामीले संसारका छयानब्बे मुलुकहरूसँग दौत्य सम्बन्ध स्थापना गरिसकेका छौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६३ ४५८

यीमध्ये संघीय गणतन्त्र जर्मनी विश्वको प्रमुख आर्थिक सम्पन्न राष्ट्रहरूमध्ये एक हो। नेपाल र संघीय गणतन्त्र जर्मनीबीच विद्यमान घनिष्ट साँस्कृतिक तथा ऐतिहासिक सम्बन्धले गर्दा जर्मनीसँगको हाम्रो सम्बन्धले महत्वपूर्ण स्थान ओगटेको छ। वास्तवमा, विक्रम सम्वत् २०१४ सालमा संघीय गणतन्त्र जर्मनीसँग दौत्य सम्बन्ध स्थापना भएदेखि नै शान्ति-प्रतिको हाम्रो साझा बचनबद्धता र आपसी सहयोगका विभिन्न कार्यक्रमहरूद्वारा हाम्रा सम्बन्धहरू हालका वर्षहरूमा अझ सुदृढ हुन गएका छन्। नेपालको विकासमा संघीय गणतन्त्र जर्मनीले पुर्‍याई आएको सहयोगको हामी सराहना गर्दछौं। हाम्रो यस राजकीय भ्रमणले हाम्रा दुई देशबीच समझदारी र सहयोगका क्षेत्रहरू अझ विस्तार गर्नमा योगदान पुर्‍याउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं।

३. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यका लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं। मुलुकको दैनिक काम मन्त्रिपरिषद्‌ले गर्ने नै छ। आशा छ, सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा अमनचैन कायम राख्नमा आ-आफ्नो क्षेत्रबाट सहयोग गरी नै रहनेछन्।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

३५८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।